# मकालु गाउँपालिका

**Makalu Rural Municipality**

गाउँ कार्यपालिकाको कार्यालय

**Office Of Rural Municipal Executive**

पत्र संख्या: २०७९/०८०
**Ref No :2079/080**
चलानी नं.: ५८९

नुम, संखुवासभा
**Num,Sankhuwasava**
प्रदेश नं. १, नेपाल
**Province No.1, Nepal**

सुचना ! सुचना ! ! सुचना ! ! !

मिति २०७९-१०-२९

## प्रस्ताव माग गरिएको सम्बन्धमा ।

यस मकालु गाउपालिकाको नुम बजारक्षेत्र कटुवाल डाडादेखी गुरुङगाउँ सम्मको फोहोरमैला व्यावस्थापन गर्नका लागी तपसिलमा उल्लेखित कार्य सर्तको पिरिधि भित्र रही यस गाउँपालिकाको आठौं गाउँ सभा बाट विनियोजीत रकम अनुसार बडिमा मासिक रुपमा रु ४०,००० (चालिस हजार) भन्दा कम घटाघटको माध्यम बाट छनौट गरिने हुदा आवश्यक प्राबिधिक उपकरण तथा जनशक्ती साधन स्रोतको बिबरण सहित आर्थिक दरभाउ खुलेको खाम बन्दी प्रस्ताव मिती २०७९।११।१४ गते कार्यालय समय भित्र पेस गर्नु हुन अनुरोध गरिन्छ ।

इन्द्र बहादुर दर्जी
प्रमुख प्रशासकिय अधिकृत

<u>कार्य सर्त</u>

१) प्रस्ताव संग संगै फर्म, संघ-संस्था वा कम्पनीको बैधानिकताको प्रमाणपत्रको प्रतिलिपि, संचालित व्यक्तिहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, पान वा भ्याट मा दर्ता भएको प्रमाणपत्रकको प्रतिलिपि, विद्यानको प्रतिलिपि आदी संलग्न गर्नुपर्नेछ र व्यक्तीको हकमा गाउँपालिका भित्र वसोवास गरेको प्रमाणपत्र, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि साथौ प्रस्ताव पेश दस्तु रु १००० (एक हजार) को नगद रसिद सहिद संलग्न गर्नुपर्नेछ ।

२) दैनिक संकलित फोहोरलाई कुहिने/नकुहिने र सिसाजन्य गरी विभाजन गर्ने र त्यसरी विभाजन गरि सकेपछि,

क) कुहिनेको हकमा: तत्काल कम्पोष्ट मल बनाई व्यवसायीक रुपमा नै विक्रिवितरण गर्न सक्ने र दिर्घकालिन रुपमा घरघरमै कम्पोष्ट मल बनाउन सिकाई प्रयोगमा ल्याउन प्रेरित गरी घरबाटै कुहिने फोहोर ननिस्कने वातावरण बनाउने कुरा उल्लेख भएको हुनु पर्ने छ ।

ख) नकुहिनेको हकमा: तत्काल पुन प्रयोगमा आउने खालका सामानहरु विक्रिवितरण गर्न सक्ने र दीर्घकालिन रुपमा घरमै छुट्टाएको नकुहिने फोहोर सम्बन्धित घरबाट खरिद गरी संकलन गर्ने र त्यसलाई एकमुषट रुपमा विक्रि वितरण गरी व्यवसायिक रुपमै आम्दानी गर्न सक्ने खालको कुरा उल्लेख भएको हुनु पर्ने छ ।

ग) यसरी विभाजन गरी प्रयोग हुने कुहिने र नकुहिने छुट्टाईसके पछि (कार्य सर्त बुदा नं २ को क र ख) मा जे उल्लेख भएता पनि प्रयोग नहुने बांकी फोहोरलाई गाउँपालिकाले तोकेको क्षेत्र सरसफाई केन्द्र वा साईडमा लगि वातावरण प्रदुषण नहुने गरी व्यवस्थापन गर्न सक्ने कुरा उल्लेख भएको हुनु पर्ने छ।

३) प्रस्तावकको प्रस्तावलाई सहयोग पुग्ने गरी हाल गाउँपालिकालेः फोहोर व्यवस्थापन गर्न प्रयोग गर्दै आएको निम्न बमोजिमको आर्थिक तथा भौतिक श्रोत साधनहरु मात्र प्रयोग गर्न सक्ने कुरा उल्लेख भएको हुनु पर्ने छ ।

क) मकालु गाउँपालिका वडा नं. ५ मा रहेको लाङलिङ धारे ढुङ्गा (क्रसर डाडा) जग्गामा फोहोर संकलन / प्रशोधन केन्द्रको लागि प्रयोग गर्न सक्ने छ ।

ख) फोहोरमैला व्यवस्थापनको लागि प्रयोग हुने श्रोत साधनहरु ट्यक्टर, सवारी चालक, स्वीपर, कुचीकार अन्य आवस्यक श्रोत साधनहरुको मर्मत संभार, ईन्धन खर्च र पारिश्रमिक गाउँपालिका र प्रस्तावक बीच हुने सम्झौता अनुसार हुने छ ।

ग) सुरुमा फोहोर व्यवस्थापन गर्न आवश्यक पर्ने हुदा न्युनतम पुर्वाधार तयार गर्न जनचेतना जगाउन, तालिम संचालन गर्न र अन्य आवश्यक कार्य गर्न गाउँपालिकाले कार्यक्रम हेरी सम्झौता अनुसार एक मुष्ट वा किस्ता वन्दीमा रकम प्रस्तावकलाई उपलब्ध गराउने छ ।

४) दफा ३ मा उल्लेखित भए वाहेक आर्थिक तथा भौतिक श्रोत साधनहरु उपलब्ध गराउने छैन । साथै प्रस्तावकले परिक्षणकाल पछि आफैले आस्दानी तथा खर्चको व्यवस्थापन गर्ने सक्ने खालको हुनु पर्ने छ ।

५) प्रस्तावकले फहोर व्यवस्थापन गर्दा विक्रि वितरणबाट गरेको आम्दानीको परिक्षणकाल पछि गाउँपालिका र प्रस्तावक बीच हुने सम्झौता बमोजिम राजस्व गाउँपालिकालाई बुझाउनु पर्नेछ ।

६) फोहोरमैला व्यवस्थापन वापत घरघरबाट गाउँपालिकाले उठाउने भनि गरेको प्रस्ताव बमोजिमको फोहोरमैला व्यवस्थापन शुल्क प्रस्तावकलेः उठाउन पाउने छ ।

७) प्रस्ताव कार्यान्वयनको सिमा अवधी बढीमा ५ वर्षको हुन सक्ने छ, शुरुमा १ वर्षको परिक्षण काल हुने छ ।त्यसपछि पनि गाउँपालिकालाई उपयुक्त लागेमा आवश्यकता अनुसारको म्याद थप गर्दै जान सक्नेछ र प्रशतावकले सम्झौता अनुसार कार्य नगरे कुनैपनि वखत संझौता भङ्गरिने छ।

८) फोहोर संकलन केन्द्रसम्म जाने पूर्वाधार एवं आवश्यक अन्य निर्माण, मर्मत-संभार गाउँपालिकाले गर्नु पर्ने तर फोहोरमैला संकलन केन्द्र भित्र आवश्यकता अनुसारको संरचना निर्माण एवं मर्मत संभार प्रस्तावकले नै गर्न पर्ने छ ।

९) उल्लेखित बमोजिमका प्रावधानहरुका अतिरिक्त समाजमा थप रोजगार सृजना गर्न सक्ने, व्यवसायिकता हासिल गर्न सक्ने, स्थानीय तहमै काम गरि रहेको र वातावरण क्षेत्रमा विशेष कार्य अनुभव भएका प्रस्तावकलाई विशेष प्राथमिकता दिन सकिने ।

१०) फोहोर व्यवस्थापन सन्दर्भमा कुनै समस्या/विवाद उत्पन्न भएका प्रस्तावक र गाउँपालिका छुट्टा छुट्टै वा संयुक्त रुपमा मिलेर समस्याको समाधन गर्ने व्यहोरा उल्लेख भएको हुनपर्ने ।

११) फोहोरमैला संकलन/ प्रशोधन केन्द्रको लागि गाउँपालिकाले तोकेको जग्गा वा क्षेत्र बाहेक अन्यत्र प्रयोग गर्न पाईने छैन । तर प्रस्तावक गाउँपालिकाको अनुमतिमा आफैले जग्गा व्यवस्थापन गरि पायक पर्ने स्थानमा प्रयोग गर्न चाहेमा गाउँपालिकाको स्वीकृती लिई प्रयोग गर्न सक्ने छ। त्यसरी प्रयोग गरेबाट आउन सक्ने समस्याको जवाफदेही भने स्वंम प्रस्तावक नै हुने कुरा समेत उल्लेख भएको हुनु पेर्ने ।

१२) फोहोरमैला संकलन तथा व्यवस्थापन सम्बन्धमा गाउँपालिकाको बजारी क्षेत्रहरुमा हप्तामा कम्तीमा दुई दिनमा र अन्य क्षेत्रको हकमा हप्तामा कम्तीमा एक दिनमा अनिवार्य रुपमा फोहोरमैलाः संकलन गर्नुपर्ने । बजारी क्षेत्रहरुमा सवारी आवागमनमा समस्या नपर्ने गरी विहानको समयमा जति सक्दो चाँडो फोहोरमैला संकलन गरिसक्नु पर्नेछ । यस कार्यको लागि आवश्यक पर्ने सवारी साधनको संख्या , आवश्यक पर्ने ट्याक्टर जनशक्ति प्रस्तावक आफैले मिलाउनु पर्नेछ ।

१३) स्वीकृत प्रस्तावकसंग सम्झौता गरेपछि सम्झौतामा उल्लेखित भएको कुरा सोही अनुसार र सम्झौतामा उल्लेख नभएका कुरा प्रचलित ऐन कानून अनुसार हुने कुरा उल्लख भएको हुनु पर्नेछ ।